1 अगसट 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र भियतनामका प्रधानमन्त्री श्री फाम मिन् चिन् बिच वार्ता सम्पन्न; विभिन्न समझदारीपत्रमा भयो हस्ताक्षर
- अब अनुसूचित जाति र अनुसूचित जनजातिको आरक्षणमा उप-वर्ग बन्न सक्ने स वोंच्च अदालतको फैसला
- हिमाचल प्रदेशको तीनवटा स्थानमा बादल फाटेर भयो धेरै जनधनको क्षति; प्रधानमन्त्रीले पीडितलाई सम्वन्धित सबै सहयोग गर्ने दिनु भयो आश्वासन
- केरलाको भिषण पह्लीरोमा ज्यान गुमाउनेको संख्या पुग्यो 260; मुख्यमन्त्रीले गर्नुभयो पहिरोमा हराएको सबै  प्रमाणपत्रहरू पुनः जारी गरिने घोषणा

प्रधानमन्त्री श्री नरेन्द्र मोदी र भियतनामका प्रधानमन्त्री फाम मिन् चिन् बिच वार्ता सम्पन्न; विभिन्न समझदारीपत्रमा भयो हस्ताक्षर

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भियतनामका प्रधानमन्त्री श्री फाम मिन् चिन् सँग वार्ता गर्नुभयो। उक्त भेटपछि दुवै नेताले भियतनामको न्हा ट्राङस्थित युनिभर्सिटी अफ टेलिकम्युनिकेसनमा रहेको आर्मी सफ्टवेयर पार्कको औपचारिक उद्घाटन गरेका थिए। यो भारत र भियतनाम बीचको सहयोगी परियोजना हो जसका लागि भारतले पाँच मिलियन डलर अनुदान दिएको छ। दुवै पक्षले शिमा शुल्क, क्षमता अभिवृद्धि, कृषि अनुसन्धान र शिक्षा, समुद्रिक सम्पदा, औषधीय वनस्पति र कानुनी क्षेत्रमा सहयोगका लागि समझदारीपत्रमा हस्ताक्षर गरेका छन्। प्रसार भारती र भ्वाइस अफ भियतनामबीच रेडियो र टेलिभिजनमा सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ। दुवै पक्षले भियतनाममा माइसन युनेस्को विश्व सम्पदा स्थलको पुनर्स्थापनाका लागि ऋण सम्झौता र एमओयूमा हस्ताक्षर गरे।आफ्नो प्रेस सम्बोधनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विगत 10 वर्षमा भारत र भियतनामबीचको सम्बन्ध गहिरो भएको बताउनुभयो। दुई देशबीचको सम्बन्धले बृहत् रणनीतिक साझेदारीलाई आकार दिएको साथै द्विपक्षीय व्यापार 85 प्रतिशतले बढेको पनि प्रधानमन्त्रीले बताउनुभयो। बृहत् रणनीतिक साझेदारीलाई थप सुदृढ गर्न दुवै पक्षले नयाँ कार्ययोजना बनाएका छन्। सुरक्षाको क्षेत्रमा सहयोगका लागि नयाँ कदम चालिएको बताउँदै तीन सय मिलियन डलरको ऋण सम्झौताले भियतनामको सामुद्रिक सुरक्षालाई मजबुत बनाउने पनि श्री मोदीले बताउनुभयो।श्री चिन् लाई आज बिहान नयाँ दिल्लीको राष्ट्रपति भवन परिसरमा औपचारिक स्वागत गरिएको थियो। श्री मोदीले उहालाई राष्ट्रपति भवनमा स्वागत गर्नुभएको थियो।

भियतनामका प्रधानमन्त्रीले राजघाटमा महात्मा गान्धीको शालीगमा पुष्पहार अर्पण गर्नुभएको थियो।श्री चिन् भारतको तीन दिवसीय राजकीय भ्रमणमा मंगलबार नयाँ दिल्ली आइपुग्नु भएको हो। उहाँका साथमा विभिन्न मन्त्री, उपमन्त्री र व्यापार प्रतिनिधिसहितको उच्चस्तरीय प्रतिनिधिमण्डल रहेको छ।

<u>अब अनुसूचित जाति र अनुसूचित जनजातिको आरक्षणमा उप-वर्ग बन्न सक्ने सर्वोच्च अदालतको फैसला</u>

सर्वोच्च अदालतले आज एउटा ऐतिहासिक निर्णय सुनाउँदै आरक्षणको लाभ दिनका लागि अनुसूचित जाति र अनुसूचित जनजातिलाई उनीहरूको पछौटेपनको आधारमा विभिन्न समुहहरूमा उप-वर्गीकरण गर्न सक्ने राज्यहरूको शक्तिलाई समर्थन गरेको छ। भारतका प्रधानन्यायाधीश श्री डीवाई चन्द्रचुडको नेतृत्वमा न्यायाधीश श्री बीआर गवई, श्री विक्रम नाथ, शुश्री बेला एम त्रिवेदी, श्री पंकज मिथल, श्री मनोज मिश्रा र श्री सतीश चन्द्र शर्मा सम्मिलित सर्वोच्च अदालतको सात सदस्यीय इजलासले 2004 को ईभी चिन्नैयाको फैसलालाई 1-को विरुद्ध 6 ले खारेज गरेको हो। न्यायाधीश शुश्री बेला त्रिवेदीले यो निर्णयप्रति असहमति जनाउनुभयो।

2004 को निर्णयले अनुसूचित जाति/जनजातिको उप-वर्गीकरण अनुच्छेद 341 को विपरीत रहेको बताएको थियो। सर्वोच्च अदालतले आज आदेशमा यो पनि स्पष्ट गरेको छ कि उप-वर्गलाई अनुमति दिँदा राज्यले कुनै पनि उप-वर्गका लागि 100 प्रतिशत आरक्षण सेट गर्न सक्ने छैन।

<u>हिमाचल प्रदेशको तीनवटा स्थानमा बादल फाटेर भयो धेरै जनधनको क्षति; प्रधानमन्त्रीले पीडितलाई सम्वन्धित सबै सहयोग गर्ने दिनु भयो आश्वासन</u>

हिमाचल प्रदेशका तीनवटा स्थानमा गएराति बादल फाटेर भीषण वर्षा भएकोले ठूलो क्षति पुऱ्याएको खबर प्रकाशमा आएको छ। बादल फाटेर भारी वर्षा भएपछि आएको बाढीका कारण 55 जना बेपत्ता भएका छन् भने दुई जनाको मृत्यु भएको छ। शिमला जिल्लाको रामपुर उपमडल झाखरीमा अत्यधिक वर्षाका कारण 36 जना अझै बेपत्ता छन्। अर्कोतर्फ, मण्डी जिल्लामा भएको आपदाले 9 जना बेपत्ता भएका छन् भने 2 जनाको शव उद्धार गरिएको छ। साथै, कुल्लु जिल्लाको मणिकरण घाटीमा, पार्वती नदीको बहावका कारण चार तले सब्जी मन्डीको भवन नै बगाएको छ। मलाना विद्युत परियोजनाको स्टेज 1-को बाँध भत्किँदा त्यसको भुइँ तल्लामा तीनदेखि चारजना फसेपछि उक्त जिल्लामा लापत्ता हुनेको सङ्ख्या 10 भएको

हो। उपायुक्त श्री अनुपम कश्यपले बादल फाटेर भएको अत्यधिक वर्षका कारण 36 जना बेपत्ता भएको पुष्टी गर्नुभएको छ। उहाँले रामपुर उपविभाग प्रशासनले राष्ट्रिय आपदा व्यवस्थापन बल, केन्द्रीय रिजर्भ पुलिस बल र होमगार्डको टोलीसहित उद्धार कार्य सुरु गरिएको जानकारी दिनुभएको छ। घटनास्थलमा उपजिल्ला अधिकारी श्री निशान्त तोमरले उद्धार कार्यको अनुगमन गरिरहनु भएको छ। अविरल वर्षाका कारण मण्डी जिल्लाको चुहारमा आएको बाढीले धेरैवटा घरमा क्षति पुऱ्याएको छ। त्यहाँ बाढीका कारण पाँच जना बेपत्ता भएका छन्। मण्डी जिल्लाका मजिस्ट्रेट श्री अपूर्व देवगनले राहत र उद्धार कार्यको निगरानी गरिरहनुभएको बताइएको छ। उहाँले प्रभावित क्षेत्रका सबै शैक्षिक संस्थान आज बन्द गर्न निर्देशन पनि दिनुभएको थियो। चण्डीगढ–मनाली राष्ट्रिय राजमार्ग पनि पहिरोका कारण रायसन र क्लथ नजिकै बन्द भएको छ। यसैबीच, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले हिमाचल प्रदेशमा भारी वर्षाका कारण भएको क्षतिको र अवस्थाको निगरानी गरिरहनुभएको छ। उहाँले पीडितलाई सम्भावित सबै सहयोग सुनिश्चित गर्न उच्च अधिकारीहरूलाई आग्रह गर्नुभएको छ। गृहमन्त्री श्री अमित शाहले पनि मुख्यमन्त्री श्री सुखविन्द सिंह सुखुसँग कुराकारी गरेर एनडीआरएफको दुई बटालियन पठाउने लगायत सबै सम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। यसैबीच, मौसम पूर्वानुमान विभागले आगामी 48 घण्टामा राज्यका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेको जानकारी दिएको छ।

<u>केरलाको भिषण पह्रीरोमा ज्यान गुमाउनेको संख्या पुग्यो 260; मुख्यमन्त्रीले गर्नुभयो पहिरोमा हराएको सबै प्रमाणपत्रहरू पुनः जारी गरिने घोषणा</u>

केरलाका मुख्यमन्त्री श्री पिनाराई विजयनले सेनाका शीर्ष अधिकारीहरूलाई उद्धृत गर्दै वायनाडमा मंगलबारको पहिरोबाट सबैभन्दा बढी प्रभावित क्षेत्रहरू मध्ये एक मुन्डक्काईका सबै जिवीत व्यक्तीहरूलाई बाहिर निकालिएको जानकारी दिनुभयो। आज वायनाडमा मुख्यमन्त्रीले धेरै मानिसहरू अझै बेपत्ता र धेरै मानिसहरू भग्नावशेषमा दबिएको सम्भावना व्यक्त गर्नुभएको छ। श्री विजयनले प्रभावित व्यक्तिहरूलाई पुनर्स्थापना गर्न र विद्यार्थीहरुको शिक्षामा असर नपर्ने कुरा सुनिश्चित गर्न कदम चालिने बताउनुभयो। पहिरोमा हराएको विभिन्न प्रमाणपत्रहरू पुनः जारी गरिने उहाँले बताउनुभयो। यसैबीच, लोकसभामा विपक्षी दलका नेता श्री राहुल गान्धीले पनि आज दिउँसो पहिरो प्रभावित क्षेत्रको भ्रमण गर्नुभएको छ।
जानकारी गराईन्छ, केरलाको वायनाड जिल्लामा मंगलबार भीषण पहिरो जाँदा जनधनको धेरै क्षति भएको छ। यस जिल्लामा उद्धारकर्मीहरूले भग्नावशेषमा पुरिएका जीवित र मृतकहरूको खोजी गरिरहेका छन्। जंगलको सिमानामा रहेका क्षेत्रमा पुरिएका जिवित मानिसहरूको खोजी भइरहेको छ। यस दुर्घटनामा हालसम्म 260 जनाको मृत्यु भएको पुलिस

स्रोतले जनाएको छ ।  तीमध्ये 90 शवको पहिचान अझ पनि हुन सकेको  छैन ।  प्रभावित क्षेत्रबाट छ्यासी (86) वटा क्षत- विक्षत  शव फेला परेका छन् ।